काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १५१ | शनिवार, ३० फागुन, २०८२ | Saturday, 14 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

अफवाहपछि वीरेन्द्रनगरमा ग्याँस किन्नेको भीड

“ प्रशासनले आवश्यकताभन्दा बढी ग्याँस सिलिन्डर खरिद गरी भण्डारण गरेमा प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी दिएको छ।

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २९ फागुन

बजारमा ग्याँस अभाव हुन सक्ने भन्दै फैलिएको अफवाहका कारण वीरेन्द्रनगरमा नागरिकहरूले धमाधम एलपी ग्याँस खरिद गरी भण्डारण गर्न थालेका छन्। शुक्रबार ग्याँस खरिद गर्नेहरूको पसलहरूमा उल्लेख्य भीड देखिएको थियो।

मध्यपूर्वमा उत्पन्न परिस्थिति र त्यसपछि देखिएको तनावका कारण नेपालमा ग्याँस आपूर्ति रोकिने वा अभाव हुने भन्ने हल्ला सामाजिक सञ्जाल तथा अनौपचारिक माध्यमबाट फैलिएको थियो। सोही हल्लाका कारण नागरिकहरू एकै घरका लागि दुईदेखि पाँच वटासम्म ग्याँस सिलिन्डर खरिद गरी भण्डारण गर्न थालेका छन्।

तर प्रशासनले भने ग्याँस आपूर्तिमा कुनै समस्या नरहेको स्पष्ट पारेको छ। जिल्ला प्रशासन कार्यालय सुर्खेतले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै बजारमा ग्याँस तथा इन्धन आपूर्ति सहज रहेको र अनावश्यक रूपमा सिलिन्डर होल्डिङ नगर्न आग्रह गरेको छ।

सूचनामा बजारमा खाना पकाउने ग्याँस (एलपी ग्याँस) तथा अन्य इन्धनको आपूर्तिमा कुनै किसिमको अभाव नभएको उल्लेख गरिएको छ। कृत्रिम अभाव सिर्जना गर्ने उद्देश्यले ग्याँस सिलिन्डर होल्डिङ वा अनावश्यक रूपमा भण्डारण नगर्न प्रशासनले अनुरोध गरेको छ।

प्रशासनले आवश्यकताभन्दा बढी ग्याँस सिलिन्डर खरिद गरी भण्डारण गरेमा प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी समेत दिएको छ। त्यसैगरी, नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत देशभरका जिल्ला प्रशासन कार्यालयहरूले पनि यस्तै सूचना जारी गर्दै ग्याँस आपूर्ति नियमित रहेको र अफवाहमा नलाग्न नागरिकलाई आग्रह गरेका छन्।

यद्यपि आधिकारिक स्रोतले आपूर्तिमा समस्या नरहेको जानकारी गराए पनि केही नागरिकहरू भने गलत बाँकी पृष्ठ ४





अब आधा सिलिन्डर ग्याँस बिक्री

नेपाल आयल निगमले अब आधा सिलिन्डर अर्थात् ७.१ किलो ग्यास बेच्ने भएको छ। उपभोक्ताले अनावश्यक रूपमा ग्यास भण्डारण गर्न थालेको भन्दै निगमले अनावश्यक भण्डारण रोक्न आधा सिलिन्डर मात्रै बिक्री गर्न लागेको हो।

निगमले शुक्रबारदेखि लागू हुने गरी ७.१ केजी एलपीजी ग्यास बजारमा पठाउन लागेको छ। प्रतिसिलिन्डर ९५५ रुपैयाँमा बिक्रीवितरण गर्ने निर्णय पनि गरिएको निगमले जनाएको छ। आवश्यकताभन्दा बढी ग्यास खरिद गरी भण्डारण गर्ने प्रवृत्ति बढ्दै गएपछि निगमले विज्ञप्ति जारी गर्दै यस्तो जानकारी दिएको हो।

यसअघि प्रतिसिलिन्डर १४.२ केजी हुन्थ्यो। यसको मूल्य १ हजार ९१० रुपैयाँ पर्थ्यो। विगत दुई-तीन महिनादेखि काठमाडौं उपत्यकामा ग्यासको उच्च माग देखिएको समेत विज्ञप्तिमा उल्लेख छ। २१ फागुनको प्रतिनिधिसभा निर्वाचनअगावै पनि पेट्रोल पम्पमा लाइन बस्ने क्रम सुरु भइसकेको थियो।आमनिर्वाचनमा सीमा नाका बन्द हुने र मूल्यवृद्धि हुने डरले उपभोक्ताले ग्यास 'स्टक' गर्न थालेका थिए। अहिले पनि सोही प्रवृत्ति दोहोरिएको निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्ट बताउँछन्। पहिला निर्वाचनका समयमा मूल्य बढ्छ भन्ने डरले स्टक गर्न थालिए पनि अहिले पश्चिम एसियामा जारी युद्धका कारण उपभोक्ताले आवश्यकताभन्दा बढी राख्न थालेको जानकारी आउन थालेको उनले बताए।

उपभोक्ताको मागअनुसार ग्यास उपलब्ध हुने अवस्थाको सहजीकरण गर्न ७.१ केजीको ग्यास सिलिन्डर बिक्री गर्ने निर्णय गरिएको उनको भनाइ छ। पश्चिम एसियामा जारी युद्धका कारण पेट्रोलियम पदार्थ तथा ग्यास आपूर्तिमा विश्वव्यापी रूपमा असर परिरहेको छ। निगमले देशभरका ६० ग्यास उद्योगमा भारतबाट आएको ग्यास उपलब्ध गराइरहेको छ। अहिले मासिक रूपमा भारतबाट ५० हजार ३०० टन ग्यास आउने गरेको छ। अघिपछि दैनिक औसतमा ९५ बुलेट (ग्यास बोक्ने ट्यांकर) भारतबाट आउने गर्थे। निर्वाचनअघि निर्वाचनलाई नै दृष्टिगत गर्दै दिनहुँ औसतमा ११२ बुलेट आइरहेका थिए। अहिले १०५ देखि ११० वटासम्म बुलेट आउने गरेका छन्।

भारतले अहिलेसम्म नियमित रूपमै ग्यास दिइरहेको भट्टको दाबी छ। भारतमै पनि पश्चिम एसियाको द्वन्द्वका कारण ग्यासको मूल्य बढेको र केही स्थानमा अभाव हुन थालेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। भारत सरकारले ग्यासको प्रशोधन बढाउन र आन्तरिक वितरणलाई प्रभावकारी बनाउन निर्देशन दिएको छ।

भारतको पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले तेल प्रशोधन गर्ने कम्पनीहरूलाई एलपीजी उत्पादन बढाउन र अतिरिक्त उत्पादनलाई घरेलु (देशभित्र) प्रयोगमा लगाउन निर्देशन दिएको हो।

उपभोक्ता अधिकार संरक्षण गर्न निर्देशन

राष्ट्रिय मानव अधिकार आयोगले ग्याँस लगायत पेट्रोलियम पदार्थको आपूर्ति सुनिश्चित गर्न निर्देशन दिएको छ। शुक्रबार आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा सरकारलाई निर्देशन दिइएको छ।

मध्यपूर्वमा उत्पन्न परिस्थिति र त्यसपछि देखिएको तनावको कारण बिगत केही समयदेखि काठमाडौं उपत्यकामा एलपीजी ग्याँसको अभाव भई उपभोक्तामा चिन्ता र त्रास सिर्जना भएको भनी प्रकाशित एवम् प्रसारित विभिन्न समाचारहरूप्रति ध्यानाकर्षण भएको उनले बताए। यसै सन्दर्भमा आयोगले नेपाल आयल निगम, वाणिज्य विभाग, नेपाल खाद्य व्यवस्था कम्पनी लिमिटेड लगायत ग्यास बिक्री वितरण गर्ने डिपोहरु समेतको अनुगमन तथा अवलोकन गरेको छ। 'अनुगमन तथा अवलोकनबाट नेपाल पेट्रोलियम पदार्थको आपूर्तिका लागि मुख्यतः आयातमा निर्भर रहेको, यसका लागि आयात हुनुपर्ने कच्चा पदार्थहरु सावित्र बमोजिम नियमित रुपमा नै आपूर्ति भइरहेको छ' विज्ञप्तिमा भनिएको छ, 'तर केही ग्याँस कम्पनीहरूको ढुवानी व्यवस्थापनका कारण आपूर्तिमा केही कमी भएपनि विभिन्न सञ्चार माध्यममहरूमा ग्याँसको समग्र आपूर्ति व्यवस्थापनमा नै समस्या भएको भन्ने सन्देश प्रवाह हुँदा उपभोक्ताले आवश्यकता भन्दा बढी भण्डारण गर्ने प्रवृत्ति बढेको छ।' कतिपय व्यावसायीबाट कृत्रिम अभाव सिर्जना गर्ने गरेको लगायतका तथ्यहरु प्राप्त भएको आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले जानकारी दिए। उनका अनुसार पेट्रोलियम पदार्थको वितरण सहज बनाउन सबै उपाय अवलम्बन गर्न, कृत्रिम अभाव पैदा गरेको पाइएमा कानूनी दायरामा ल्याउन निर्देशन दिइएको छ।

रवि-बालेन भेटवार्ता, समानुपातिक सांसद चयन र सरकार गठनबारे छलफल



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २९ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)बीच भेटवार्ता भएको छ।

शुक्रबार रास्वपा बरिष्ठ नेता शाह हात्तीगौंडास्थित सभापति लामिछानेको निवास पुगेका हुन्। लामिछाने उच्च ज्वरोका कारण आराम गरिरहेकाले शाह घरमै पुगेका हुन्।

लामिछाने निवासमा दुवै जनाबीच समसामियक राजनीतिक विषयमा छलफल भएको छ। लामिछाने र शाहबीच विशेष गरेर समानुपातिक सांसद चयन र नयाँ सरकार गठनबारे छलफल भएको छ।

दुवै जनाबीच नियमित भेटवार्ता भइरहेको रास्वपा सहप्रवक्ता प्रतिभा रावलले बताइन्। 'सभापतिज्यूको स्वास्थ्य अवस्था बुझ्न जानु भएको होला,' रावलले भनिन्।

उनका अनुसार समानुपातिक उम्मेदवारको नाम पनि टुंगो लगाउने विषयमा छलफल भएको छ। 'समानुपातिक उम्मेदवारको नाम भोलि टुंग्याउँछौं,' रावलले भनिन्।

प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षतर्फ यसअघि नै नतिजा सार्वजनिक भइसकेको छ। समानुपातिकतर्फ पनि रास्वपाले ५७ सिट पाउने निर्वाचन आयोगले पत्राचार गरिसकेको छ।

निर्वाचन आयोगले सबै दललाई तीन दिनभित्र समानुपातिक उम्मेदवारको नाम पठाउन भनेको छ। त्यसैलाई लिएर लामिछाने र शाहबीच छलफल भएको जनाइएको छ।

राजनीतिक दलले क्लस्टर मिलाएर नामावली पठाउनुपर्छ। त्यसका आधारमा आयोगले समानुपातिक सांसद निर्वाचित भएको प्रमाणपत्र दिनेछ।

प्रत्यक्ष र समानुपातिक गरी रास्वपाले १८२ सिट जितेको छ। रास्वपाले चुनावअघि नै शाहलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिसकेको छ।

प्रतिनिधि सभाको पहिलो बैठकमा के हुन्छ?

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २९ फागुन

फागुन २१ गते भएको निर्वाचनपछि अब केही साताभित्रै प्रतिनिधि सभाको पहिलो बैठक बस्दैछ।

पहिलो बैठकको मिति भने राष्ट्रपति रामचन्द्र पौडेलले तोक्नेछन्।

संविधानको धारा ९३ अनुसार निर्वाचन आयोगले राष्ट्रपतिलाई निर्वाचन परिणाम बुझाएको ३० दिनभित्र प्रतिनिधि सभाको पहिलो बैठक बोलाउनुपर्छ।

निर्वाचन आयोगले आउँदो चैत ५ गतेभित्रै राष्ट्रपतिलाई निर्वाचन प्रतिवेदन बुझाउने तयारी गरिरेको छ। निर्वाचन परिणाम प्राप्त भएपछि राष्ट्रपतिले पहिलो बैठकको मिति तोकेर संसदको अधिवेशन आह्वान गर्नेछन्।

राष्ट्रपतिसँगै संघीय संसद सचिवालयलाई पनि निर्वाचन आयोगले निर्वाचन परिणाम पठाउँछ। यसरी परिणाम पठाउँदा आयोगले ज्येष्ठ सदस्यको उमेरसमेत खुलाएर पठाउने गर्दछ। परिणाम प्राप्त भएपछि संसद सचिवालयले शपथ ग्रहणको मिति तोक्नेछ। सचिवालयले मिति तोकेर शपथ ग्रहणमा आउन नवनिर्वाचित प्रतिनिधि सभा सदस्यहरूलाई गोरखापत्रमा सूचना प्रकाशित गर्छ।

पहिलो बैठक बस्नु अघि सांसदहरूको शपथग्रहण हुनेछ। शपथ सदस्यहरूमध्ये ज्येष्ठ सदस्यले गराउनेछन्।

शपथ लिएपछि सांसदहरूले संसदको पहिलो बैठकमा भाग लिन पाउँछन्।

पहिलो बैठक ज्येष्ठ सदस्यले सञ्चालन गर्छन्। उक्त बैठकमा ज्येष्ठ सदस्यले आफ्नो अनुपस्थितिमा बैठक सञ्चालन गर्ने अन्य ३ जनाको नाम प्रस्ताव गर्छन्। त्यस्तै पहिलो बैठकमा नै अन्तरिम सरकारले ल्याएका निर्वाचनसम्बन्धी अध्यादेश टेबल हुनेछ।

मतदाता नामावली पहिलो संशोधन अध्यादेश, प्रतिनिधि सभा सदस्य निर्वाचन पहिलो संशोधन अध्यादेश र नेपाल विशेष सेवा दोस्रो संशोधन अध्यादेश बैठकमा टेबल हुन्छ।

त्यस्तै संविधानको धारा धारा ९१ अनुसार प्रतिनिधि सभाका सभामुख चयनका लगि प्रक्रिया आरम्भ पनि सोही दिन हुनसक्छ। किनभने संविधानले पहिलो बैठक बसेको १५ दिनभित्रै सभामुख र उपसभामुख चयन गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ।

सामान्यतया पहिलो बैठकबाट नै सभामुखको निर्वाचनको कार्यतालिका प्रकाशित गर्न महासचिवलाई जिम्मेवारी तोक्ने गरिएको छ। संसद सामान्यता प्रतिनिधि सभा नियमावलीअनुसार चल्छ। नियमावलीमा नभएका कुरा संसदीय व्यवस्थाका परम्पराअनुसार अघि बढ्छन्।

सभामुखको निर्वाचन सम्पन्न भएपछि उपसभामुखको चुनाव हुन्छ। सभामुख र उपसभामुख नै १५ दिनभित्र चयन गर्नुपर्ने भएकाले समयको चापलाई मध्यनजर गर्दै पहिलो बैठकबाट नै सभामुख चयनका लगि प्रक्रिया आरम्भ हुन्छ।

त्यस्तै संसदमा राष्ट्रपति कार्यालयबाट विभिन्न मितिमा आएका पत्र वाचन गरेर सुनाउने प्रचलन छ। प्रधानमन्त्री नियुक्त भएको, मन्त्रिपरिषद् गठन र विस्तार भएको लगायतका विषयमा राष्ट्रपति कार्यालयबाट आउने पत्र सभामुखले पढेर सुनाउँछन्।

प्रधानमन्त्रीको नियुक्ति प्रतिनिधि सभाको पहिलो बैठक अघि नै हुने सम्भावना छ। निर्वाचन परिणाम राष्ट्रपतिले प्राप्त गरेपछि बहुमत प्राप्त दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्ति गर्नेछन्।

रास्वपाका प्रधानमन्त्रीका उम्मेदवार बालेन शाह संसदको पहिलो बैठकअघि नै प्रधानमन्त्री नियुक्त हुने सम्भावना छ। बालेन प्रधानमन्त्री नियुक्त भए संसदको पहिलो बैठकमा उनी प्रधानमन्त्री नियुक्ति भएको सूचना पढेर सुनाइनेछ।

सभामुख चयन नहुँदासम्म जेष्ठ सदस्यले बैठक सञ्चालन गर्छन्। दोस्रो बैठकमा जेष्ठ सदस्यले दलहरूका तर्फबाट मतदातालाई धन्यवाद दिने कार्यक्रम राख्न सक्छन्।

तर निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले एकल बहुमत प्राप्त गरेकाले दोस्रो बैठकअघि नै सभामुखको चयन भइसक्ने सम्भावना छ। सर्वसम्मत रुपमा सभामुख चयन भएको अवस्थामा दोस्रो बैठक सभामुखले नै सञ्चालन गर्न पनि सक्छन्। नेपालमा पछिल्लो समय सभामुखको चयन सामान्यतया सर्वसम्मत रूपमा हुने गरेको छ।

विगतमा निर्वाचनपछिको प्रतिनिधि सभा बैठकबाट दलका नेताहरुले मतदाताहरूलाई धन्यवाद दिने र नयाँ सरकारलाई शुभकामना दिने प्रचलन छ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

हार्दिक श्रद्धाञ्जली



जन्म :
२०३० असार १४

मृत्यु :
२०८२ फागुन २८

स्व: सत्य बहादुर भण्डारी

यस मन्त्रालय मातहत यातायात व्यवस्था सेवा कार्यालय जुम्लाका कार्यालय प्रमुख (अधिकृस्तर सातौं) को रूपमा कार्यरत राष्ट्रसेवक कर्मचारी **श्री सत्य बहादुर भण्डारी**ज्यूको मिति २०८२/११/२८ गते ५२ वर्षको उमेरमा स्वर्गारोहण भएकाले यस दुःखद् क्षणमा यस मन्त्रालयको तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

उहाँले निजामति सेवाको माध्यमबाट राष्ट्र र जनताको सेवामा पुऱ्याउनुभएको योगदान सधैं स्मरणीय रहनेछ। उहाँको निधनले निजामति प्रशासन र यस मन्त्रालयलाई अपूरणीय क्षति पुगेको छ ।

अर्जुनकुमार बम (प्रदेश सचिव)

एवम्

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

परिवार

शनिवार

स्वास्थ्य

मिर्गौला बिग्रिएको कसरी थाहा पाउने ?

हाम्रो शरीरमा दुई वटा मिर्गौला हुन्छन् । मिर्गौलाको मुख्य काम रगत सफा गर्ने हो । हामीले खाएको खानेकुरा प्राचन प्रणालीमा गएपछि पाचन र मेटावोलिजम प्रक्रिया हुन्छ र दुषित पदार्थ जम्मा हुन्छ । खासगरि युरिया र क्रियाटिनिनलाई मिर्गौलाले फिल्टर गर्छ । शरीरमा भएको सबै रगत मिर्गौलाले नै फिल्टर गर्छ । ९८ प्रतिशत रगत शरीरले नै पुनः लिन्छ भने २ प्रतिशतलाई पिसाबको रुपमा फाल्छ । शरीरको शरीरको भित्री वातावरण तथा सोडियम, पोटासियम र एसिडको सन्तुलन मिलाउने काम मिर्गौलाले नै गर्छ । मिर्गौलाले रेनिन नामक एन्जाइम उत्पादन गर्छ, जसले रक्तचाप नियन्त्रण गर्न सहयोग गर्छ । साथै, मिर्गौलाले शरीरमा रगत बनाउन आवश्यक इरिथ्रोपोइटिन हर्मोन पनि उत्पादन गर्छ ।

मिर्गौला रोगको लक्षण

कतिपय अवस्थामा मिर्गौला रोगको लक्षण नै नदेखिन पनि सक्छ । तर लक्षण देखिएको अवस्थामा क्रोनिक मिर्गौलाको रोग लागेमा पिसाबसम्बन्धी समस्या देखिन्छ । पिसाब दिनमा भन्दा राति बढी हुने, फिँज आउने र पिसाब कम हुँदै गएर शरीर सुन्निन थाल्छ । हात-खुट्टा वा मुख सुन्निने समस्या देखिन्छ । शरीरमा पानी जम्मा हुन थालेमा श्वासप्रश्वासमा पनि समस्या हुन थाल्छ ।

मिर्गौलामा समस्या भइसकेपछि रगतको कमी हुन थाल्छ । जसले गर्दा काम गर्न जाँगर नलाग्ने, थोरै हिँड्दा पनि थकाइ लाग्ने, स्वाँ-स्वाँ हुनेजस्ता लक्षण देखिन्छन् ।

युरिया र क्रियाटिनिनको मात्रा बढ्दै गएपछि खान मन नलाग्ने, वाकवाक लाग्ने, सास फेर्न गाह्रो हुने र सास फेर्दा पिसाबको गन्ध आउने लक्षण देखिन्छ । यस्तै दुब्लाउँदै जाने वा शरीर सुन्निएर मोटाएको जस्तो देखिन्छ । क्रियाटिनिन र युरियाको मात्रा बढ्दै गएमा मिर्गौला रोगले ब्रेनलाई पनि असर पुऱ्याउँछ ।

मिर्गौला रोगको कारण

मिर्गौलामा मुख्य दुई खाले समस्या हुन्छ । एक्युट किड्नी इन्जुरी अर्थात् अचानक मिर्गौलामा क्षति र क्रोनिक किड्नी डिजिज अर्थात् दीर्घकालीन मिर्गौलाको रोग । तर हरेक एक्युट किड्नी इन्जुरी क्रोनिकमा परिणत हुनसक्छ ।

एक्युट किड्नी इन्जुरीका कारण

- झाडापखाला
- संक्रमणका कारण सेप्सिस हुनु
- पेनकिरलको प्रयोग
- तीव्र ग्लोमेरुलोनेफ्राइटिस

क्रोनिक किड्नी इन्जुरीका कारणहरु

- मधुमेह
- उच्च रक्तचाप
- मिर्गौलाका फिल्टर सुन्निने
- मिर्गौलाको बीचको टिस्युको रोग
- जन्मजात मिर्गौलाको रोग
- मिर्गौलाको संरचनागत समस्या (एउटा मात्र मिर्गौला हुनु)
- जंक फुडको बढी प्रयोग
- कम पानी पिउने बानी
- शारीरिक व्यायाम नगर्ने बानी
- मोटोपन
- धूमपान र मदिरापान
- केही औषधिको प्रयोगको कारण

उच्च रक्तचापको बिरामीले नियमित औषधि नखाएमा पनि मिर्गौला बिग्रन सक्छ । अटोइम्युन र जन्मजात मिर्गौलाको रोग रोकथाम गर्न सकिँदैन । मिर्गौला बिग्रने अर्को कारण मिर्गौलामा पत्थरी हुनु पनि हो । यस्ता बिरामीले नियमित मिर्गौला जाँच र चिकित्सकको सल्लाह अनुसार पत्थरीको उपचार गराउनुपर्छ । एक्युट किड्नी इन्जुरी तत्काल उपचार गर्दा निको हुन्छ । यस्तै प्रोस्टेटमा पनि समयमै उपचार गरेर मिर्गौला जोगाउन सकिन्छ ।

मिर्गौला रोग रोकथामका लागि जीवनशैली नै स्वस्थकर बनाउन आवश्यक छ । त्यसका लागि खानपिनमा ध्यान दिने, नियमित व्यायाम गर्ने, जंकफुड सकभर नखाने तथा शरीरको तौल नियन्त्रण गर्ने गर्नुपर्छ ।

मिर्गौलाको जाँच कसरी गरिन्छ ?

पिसाबको जाँच

पिसाबमा एल्बुमिन अर्थात प्रोटिन र आरबीसी अर्थात् रगत छ कि छैन जाँच गरिन्छ । पिसाबमा यो देखिएमा मिर्गौला बिग्रिएको संकेत हुनसक्छ ।

रगत परीक्षण

मधुमेह वा उच्च रक्तचापको बिरामीले आरएफटी वा केएफटी जाँच गर्नुपर्छ । यसमा युरिया, क्रियाटिनिन र सोडियम, पोटासियम जाँच गरिन्छ ।

अल्टासाउण्ड

अल्टासाउण्डबाट मिर्गौलाको आकार र संरचना हेर्न सकिन्छ ।

यी जाँचबाट मिर्गौलाको रोग पत्ता लगाउन सकिन्छ र समयमै उपचार सुरु गर्न सकिन्छ ।

-(प्राडा राजेन्द्रकुमार अग्रवाल नर्भिक अस्पतालमा चिफ कन्सल्टेन्ट नेफ्रोलोजिस्टको रुपमा कार्यरत छन् ।)

सुगन्धित धुवाँको खतरनाक सत्य: हुक्का, फोक्सो स्वास्थ्य र क्यान्सर



नेपालका ठूला सहरहरूमा आजभोलि क्याफे, लाउञ्ज र साथीभाइको भेटघाटमा हुक्का तान्नु "फेसन" जस्तै देखिन थालेको छ । धेरै युवाले यसलाई सिगरेटभन्दा कम हानिकारक ठान्छन्, किनकि धुवाँ पानी हुँदै जान्छ र सुगन्धित हुन्छ । तर यो ठूलो भ्रम हो । हुक्का भनेको पनि सुर्तीजन्य पदार्थकै धुवाँ फोक्सोभित्र तान्ने तरिका हो । यसबाट निस्कने धुवाँमा क्यान्सर गराउने रसायन, टार, कार्बन मोनोअक्साइड र सूक्ष्म कणहरू हुन्छन्, जसले फोक्सो, मुटु र रक्तनलीमा गम्भीर असर पार्छ ।

नेपालमा रोगको भार र बढ्दो चिन्ता

नेपालमा सुर्तीजन्य पदार्थ प्रयोगका कारण फोक्सोको क्यान्सर, मुख तथा घाँटीको क्यान्सर, सीओपीडी (दीर्घ फोक्सो रोग) र मुटुरोग गम्भीर सार्वजनिक स्वास्थ्य समस्या बन्दै गएका छन् । पछिल्ला प्रतिवेदनअनुसार नेपालमा पुरुषहरूमा फोक्सोको क्यान्सर सबैभन्दा धेरै देखिने क्यान्सर (१५.६%) हो भने महिलामा तेस्रो स्थानमा (७.४%) पर्दछ । क्यान्सरसम्बन्धी मृत्युको प्रमुख कारणका रूपमा फोक्सोको क्यान्सर अझै पनि अग्रस्थानमै छ ।

ग्लोबोक्यानका अनुसार नेपालमा २२,००८ नयाँ क्यान्सरका केस र १४,७०४ क्यान्सरसम्बन्धी मृत्यु दर्ता भएका छन्, जसमा फोक्सोको क्यान्सरले ठूलो योगदान पुऱ्याएको देखिन्छ । फोक्सोको क्यान्सरको उमेर-मानकीकृत घटना दर (एएसआईआर) प्रति १ लाख जनसंख्यामा करिब १०.४ रहेको छ । जीवनकालको जोखिम हेर्दा, नेपालमा प्रत्येक ८० जना पुरुषमध्ये १ जना र १०७ जना महिलामध्ये १ जना ७५ वर्षको उमेरअघि फोक्सोको क्यान्सरबाट प्रभावित हुने जोखिममा छन् ।

यही सन्दर्भमा, सिगरेटसँगै हुक्का युवामाझ लोकप्रिय हुनु भविष्यका लागि खतराको संकेत हो । धेरैलाई थाहा छैन, एक पटक करिब एक घण्टा लामो हुक्का सेसनले शरीरभित्र धेरै वटा सिगरेट बराबर धुवाँ पुऱ्याउन सक्छ । 'सुगन्धित' वा 'फ्लेभर' भएकोले जोखिम कम हुन्छ भन्ने कुनै वैज्ञानिक आधार छैन ।

हुक्काले फोक्सो र शरीरमा के असर गर्छ?

हुक्काको धुवाँले फोक्सोको भित्री सतहलाई क्रमशः क्षति पुऱ्याउँछ । यसको परिणामस्वरूप सास फेर्न गाह्रो हुने, लामो समयसम्म खोकी लाग्ने, छाती दुख्ने र बारम्बार श्वासप्रश्वाससम्बन्धी संक्रमण हुने समस्या बढ्छ । दीर्घकालीन प्रयोगले फोक्सोको क्षमता घट्दै जान्छ र सीओपीडी जस्तो दीर्घ रोग विकास हुन सक्छ । यसले मुख, घाँटी र फोक्सोको क्यान्सरको जोखिम उल्लेख्य रूपमा बढाउँछ ।

हुक्काबाट निस्कने कार्बन मोनोअक्साइड धेरै मात्रामा सासमँगै शरीरमा प्रवेश गर्दा चक्कर लाग्ने, टाउको दुख्ने र मुटुमा गम्भीर तनाव पर्न सक्छ । एउटै पाइप धेरै जनाले प्रयोग गर्दा क्षयरोग, फ्लू र अन्य संक्रमण सर्ने जोखिम पनि बढ्छ । क्याफे वा लाउञ्जमा बस्ने धूम्रपान नगर्ने मानिसहरू समेत निष्क्रिय धूम्रपानका सिकार हुन्छन्, जसको असर बच्चा, गर्भवती महिला र दीर्घ रोग भएका व्यक्तिमा झनै गम्भीर हुन सक्छ ।

'सिगरेटभन्दा सुरक्षित' भन्ने भ्रम

धुवाँ पानी हुँदै जानुले विषालु पदार्थ हटाइदिन्छ भन्ने सोच वैज्ञानिक रूपमा गलत हो । पानीले केही ठूला कण मात्र रोक्न सक्छ, तर क्यान्सर गराउने अधिकांश रसायन र सूक्ष्म कण सजिलै फोक्सोसम्म पुग्छन् । उल्टै, हुक्काको धुवाँ चिसो र नरम लाग्ने भएकाले मानिसले गहिरो र लामो सास तान्छ, जसले अझ धेरै विषालु पदार्थ शरीरभित्र प्रवेश गराउँछ ।

सरकारी नीति र रोकथाम: अब कडा कदम किन आवश्यक?

नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुन भए पनि व्यवहारमा हुक्का क्याफे र लाउञ्जहरूमा निगरानी कमजोर देखिन्छ । फोक्सोको क्यान्सरका करिब ६४ प्रतिशत बिरामीहरू चौथो चरण (स्टेज ४) मा मात्रै पहिचान हुने तथ्यले पनि रोकथाम र प्रारम्भिक पहिचान कति कमजोर छ भन्ने देखाउँछ । प्रारम्भिक लक्षणहरूलाई क्षयरोगसँग झुक्क्याएर उपचार ढिलो हुने समस्या अझै विद्यमान छ ।

अब हुक्कालाई पनि स्पष्ट रूपमा सुर्तीजन्य पदार्थकै रूपमा कडाइका साथ नियमन गर्न आवश्यक छ । सार्वजनिक स्थलमा पूर्ण प्रतिबन्ध, हुक्का तथा फ्लेभर सुर्तीमा ठूला र स्पष्ट स्वास्थ्य चेतावनी, स्थानीय तहबाट नियमित अनुगमन, विद्यालय-कलेजमा शिक्षा कार्यक्रम र युवालाई लक्षित डिजिटल जनचेतना अभियान अत्यावश्यक भइसकेका छन् ।

जनचेतना नै सबैभन्दा बलियो औषधि

कानुन मात्र पर्याप्त हुँदैन, बुझाइ परिवर्तन सबैभन्दा जरुरी छ । 'कहिलेकाहीं त ठीकै होला' भन्ने सोचले दीर्घकालीन रोग निम्त्याउन सक्छ । हरेक हुक्का सेसनले फोक्सोमा सानो-सानो क्षति थप्दै लैजान्छ ।

आज हुक्कालाई फेसन होइन, स्वास्थ्य संकटका रूपमा हेर्ने समय आएको छ । समयमै सचेत भयौं भने भोलि नेपालमा फोक्सो क्यान्सर, सीओपीडी र अन्य दीर्घ रोगहरूको बोझ घटाउन सकिन्छ ।

विश्व

युद्ध अन्त्य गर्न इरानका तीन शर्त

अमेरिका-इजरायल द्वन्द्वबीचमा इरानी राष्ट्रपति मसूद पेजेश्कियानले युद्ध अन्त्य गर्न शर्तहरू राखेका छन् । राष्ट्रपति पेजेश्कियानले रूस र पाकिस्तानका नेताहरूसँगको वार्तामा यस क्षेत्रमा शान्तिको लागि इरानको प्रतिबद्धता दोहोऱ्याए । तर, त्यसका लागि इरानको वैध अधिकारलाई मान्यता दिनुपर्ने, युद्धमा भएको क्षतिको क्षतिपूर्ति दिनुपर्ने र भविष्यमा हुने कुनै पनि आक्रमणलाई रोक्न बलियो अन्तर्राष्ट्रिय ग्यारेन्टी प्रदान गर्नुपर्ने शर्त राखे । सामाजिक सञ्जाल प्लेटफर्म एक्समा उनले लेखेका छन्, 'इजरायल र संयुक्त राज्य अमेरिकाले शुरू गरेको युद्ध अन्त्य गर्ने एक मात्र तरिका भनेको इरानको वैध अधिकारलाई मान्यता दिनु, युद्धमा भएको क्षतिको क्षतिपूर्ति दिनु र भविष्यमा हुने कुनै पनि आक्रमणलाई रोक्न बलियो अन्तर्राष्ट्रिय ग्यारेन्टी प्रदान गर्नु हो ।' इरान, संयुक्त राज्य अमेरिका र इजरायल बीचको जारी द्वन्द्वका कारण यस क्षेत्रमा तनाव उच्च छ। इरानले मध्य पूर्वी देशहरूमा रहेका अमेरिकी र इजरायली लक्ष्यहरूलाई लक्षित गरिरहेको छ । यसैबीच, विश्वको सबैभन्दा व्यस्त समुद्री मार्ग 'स्ट्रेट अफ होर्मुज'मा बुधबार भएका शृंखलाबद्ध आक्रमणमध्ये एउटा प्रमुख निसाना भारतको गुजराततर्फ आउँदै गरेको जहाज पनि बनेको छ । यस घटनाले भारतको ऊर्जा आपूर्ति र समुद्री व्यापारिक सुरक्षामा गम्भीर चिन्ता पैदा गरेको छ । थाइल्याण्डको स्वामित्वमा रहेको 'मयूरी नारी' नामक जहाज ओमानको समुद्री तटबाट करिब ११ नटिकल माइल उत्तरमा आक्रमणमा परेको हो । यो जहाज भारतको गुजरात राज्यको बन्दरगाहतर्फ आउँदै थियो । ईं नौसेनाका अनुसार यूएईको आबुधाबीस्थित खलिफा पोर्टबाट जहाज प्रस्थान गरेको केही घण्टामै जहाजमा आक्रमण भएको थियो । समाचार एजेन्सी एपीका अनुसार अज्ञात 'प्रोजेक्टाइल' ठोक्किएपछि जहाजमा भीषण आगलागी भएको थियो, जसका कारण जहाजको सञ्चालन पूर्ण रूपमा ठप्प भएको छ । होर्मुज स्ट्रेटमा समुद्रको चौडाइ ३३ किलोमिटर मात्र छ । तर जहाज चल्नसक्ने बाटो ११ किलोमिटर मात्र छ । बाँकी हिस्सामा कम गहिराइ भएकाले ठूला जहाज चल्न सक्दैनन् । त्यसैले यो साँघुरो बाटो खतरनाक मानिन्छ ।

इन्धन अभाव टार्न ४० करोड ब्यारेल तेल बजारमा पठाइने

मध्यपूर्वको तनावका कारण विश्व बजारमा देखिएको इन्धन आपूर्तिको अभावलाई कम गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए)ले आपतकालीन भण्डारबाट ४० करोड ब्यारल तेल बजारमा उपलब्ध गराउने निर्णय गरेको छ ।

मनोरञ्जन

अबको मेघा स्टार को ?

नेपाली चलचित्र क्षेत्रमा पछिल्लो समय 'सेलिब्रेटी किड्स' अर्थात् स्थापित कलाकारका छोराछोरीहरूको प्रवेश उल्लेखनीय रूपमा बढिरहेको छ । यसले नेपाली फिल्म उद्योगमा नयाँ पुस्ताको आगमनसँगै वंशगत पहिचान र व्यक्तिगत प्रतिभाबीचको बहसलाई पनि जन्म दिएको छ । यही सन्दर्भमा अभिनेता भुवन केसी का छोरा अनमोल केसी र अभिनेता बिराज भट्ट का छोरा समीर भट्ट अहिले नेपाली चलचित्र क्षेत्रमा सम्भावना बोकेका युवा कलाकारका रूपमा चर्चामा छन् । यी दुई कलाकारको यात्रा, सफलता असफलता र आगामी सम्भावनाको तुलना गर्दा नेपाली फिल्म उद्योगमा पुस्तान्तरणको रोचक चित्र देख्न सकिन्छ ।

अनमोल केसी नेपाली चलचित्र उद्योगमा सेलिब्रेटी सन्तानमध्ये सबैभन्दा चर्चामा रहेका कलाकारमध्ये पर्छन् । उनले सन् २०१४ मा प्रदर्शन भएको चलचित्र 'होस्टेल' बाट अभिनय यात्रा सुरु गरेका थिए । पहिलो फिल्ममै उनले युवापुस्तामाझ राम्रो लोकप्रियता कमाउन सफल भए । त्यसपछि उनले जेरी, गाजलु, कृ, क्याप्टेन जस्ता चलचित्रमा अभिनय गरे । यीमध्ये धेरै फिल्मले व्यापारिक रूपमा उल्लेखनीय सफलता हासिल गरे र उनलाई नेपाली फिल्म उद्योगमा युवा स्टार का रूपमा स्थापित गरायो ।

अनमोलको लोकप्रियताको एउटा महत्त्वपूर्ण पक्ष भनेको उनको स्टार इमेज हो । आकर्षक व्यक्तित्व, युवापुस्तामाझ बलियो फ्यान बेस र फिल्म मार्केटिङमा उनको प्रभावका कारण निर्माता-निर्देशकले उनलाई उच्च पारिश्रमिक दिने गरेका छन् । नेपाली फिल्म बजारमा युवा दर्शक तान्न सक्ने कलाकारका रूपमा उनको नाम प्रायः अगाडि आउँछ ।

अनमोलका एकाध फिल्म बाहेक सबैको इनिसियल व्यापार राम्रो छ ।२०७९ साल फागुनमा प्रदर्शनमा आएको 'छड्के २'मा अनमोलले इनिसियल हान्नै सकेनन् । त्यहीकारण उनको स्टारडम सकिएको टिप्पणी भएको थियो । लभर ब्वाइको छवि बनाएका अनमोललाई दर्शकले 'छड्के २'मा ग्याङस्टारको चरित्रमा स्वीकार गरेनन् वा उनी फितलो रूपमा प्रस्तुत भए । जसकारण अनमोलको करिअरमा 'छड्के २' ले भूकम्प ल्यायो । पछिल्लो केही वर्षयता 'मेघास्टार'को ट्याग पाएका अनमोललाई एउटै टिप्पणीले लखेटिरह्यो, अब अनमोलका फिल्म पनि चल्न छाडे । बक्स अफिसमा ओरालो लाग्दै गरेको उनको फिल्म करिअरलाई कतिले व्यवसायसँग जोड्दै उनको युग नै सकिएको भन्दै आलोचना पनि गरे । कतिले त्यसमा अनमोलको स्टारडम जोडे त कतिले उनको अभिनय ।

अनमोलको फिल्म छनोटमाथि नै प्रश्न नउठेका पनि होइनन् । तर, यो पटक अनमोलले बक्स अफिसमा बलियो उपस्थिति जनाउँदै फिल्म जगतलाई चकित बनाइदिएका छन् । तिहारदेखि प्रदर्शनमा आएको उनको फिल्मले बक्स अफिसको खुड्किलो यसरी पार गर्यो कि निर्माण पक्ष व्यावसायिक उचाइमा 'जेरी अन टप' यो वर्ष धेरै कमाइ गर्ने दोस्रो फिल्म बनेको छ ।

यस्तै नेपाली चलचित्र क्षेत्रमा अर्का अपेक्षाकृत कलाकारका रूपमा छन् समीर भट्ट । उनी प्रसिद्ध अभिनेता बिराज भट्टका छोरा हुन् । बिराज भट्ट आफैं नेपाली तथा भोजपुरी फिल्म उद्योगमा सफल कलाकारका रूपमा परिचित छन्, जसले समिरलाई सुरुवातमै ठूलो चर्चा दिलायो । समिरले आफ्नो अभिनय यात्रा चलचित्र १२ गाउँ मार्फत सुरु गरेका हुन् । पहिलो फिल्मबाटै एक्सन हिरोको छवि बनाउने प्रयास गरेका उनी उनका पिता बिराज भट्टसँग मिल्दोजुल्दो देखिन्छन । समिरको शारीरिक बनावट, फिटनेस र एक्सनप्रति रुचि हेर्दा उनी भविष्यमा एक्सन जनरमा सम्भावना बोकेको कलाकार मानिन्छन् ।

समीर भट्टको करियर अहिले प्रारम्भिक चरणमै भएकाले उनको सफलता वा असफलताको स्पष्ट मूल्यांकन गर्न अझै समय लाग्ने देखिन्छ । तर प्रारम्भिक प्रतिक्रिया हेर्दा उनीप्रति दर्शक र फिल्मकर्मीको चासो उल्लेखनीय छ । नेपाली चलचित्र उद्योगमा नयाँ पुस्ताका एक्सन स्टारको अभाव महसुस भइरहेको बेला समिरले त्यो स्थान लिन सक्ने सम्भावना देखिन्छ । '१२ गाउँ' बाट राम्रो सम्भावना बनाएका समिरको दोस्रो फिल्म 'बलिदान' ले पनि राम्रो प्रतिक्रिया पाएको थियो ।

तर फिल्म क्षेत्रमा चुनौती पनि कम छैन । नेपाली फिल्म उद्योगमा टिकिरहन केवल पारिवारिक नाम मात्र पर्याप्त हुँदैन; अभिनय क्षमता, पटकथाको छनोट र दर्शकसँगको सम्बन्ध अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

यदि यी दुई कलाकारको तुलना गर्ने हो भने अनमोल केसी अनुभव र लोकप्रियताको हिसाबले धेरै अगाडि छन् । उनले एक दशकभन्दा बढी समय नेपाली फिल्म उद्योगमा बिताइसकेका छन् र उनका धेरै फिल्मले बक्स अफिसमा सफलता हासिल गरेका छन् । त्यसको विपरीत समीर भट्टको यात्रा अहिले सुरु भएको मात्र हो । तर सम्भावनाको हिसाबले समिरलाई पनि कम ठान्न सकिँदैन । उनी एक्सन हिरोका रूपमा स्थापित हुन सके भने नेपाली फिल्म उद्योगमा फरक स्थान बनाउन सक्छन् ।

दुवै कलाकारको करियरमा पारिवारिक पृष्ठभूमिले ठूलो भूमिका खेलेको कुरा नकार्न सकिँदैन । भुवन केसी नेपाली फिल्म उद्योगका चर्चित अभिनेता र निर्माता हुन् भने बिराज भट्ट पनि दशकौंदेखि सक्रिय कलाकार हुन् । त्यसैले दुवै कलाकारलाई सुरुवातमै ठूलो प्लेटफर्म र प्रचार-प्रसारको अवसर प्राप्त भयो । यस्तै आगामी दिनमा अनमोल केसीले आफ्नो अभिनय दायरा फराकिलो बनाउँदै विविध भूमिकामा देखिन सके भने उनको स्टारडम अझ बलियो बन्न सक्छ । उनी केवल रोमान्टिक वा युवा नायकको भूमिकामा सीमित नभई गम्भीर कथानक भएका फिल्ममा देखिन थाले भने समीक्षक र दर्शक दुवैबाट थप सम्मान पाउन सक्छन् ।

सेती प्रादेशिक अस्पतालमा बिरामीको चाप बढ्दो



काँक्रेविहार संवाददाता
धनगढी, २९ फागुन

धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या पछिल्ला दिनहरूमा उल्लेखनीय रूपमा बढेको छ। गर्मीयाम सुरु हुनु र यस साता वायु प्रदूषण बढेकाले अस्पतालमा दैनिक सेवा लिने बिरामीको चाप बढ्दै गएको अस्पतालले जनाएको छ।

अस्पतालका सूचना अधिकारी तथा मेडिकल रेकर्डर किशोरप्रसाद श्रेष्ठका अनुसार हाल अस्पतालमा दैनिक करिब एक हजार ८०० जनासम्म बिरामीले सेवा लिइरहेका छन्। प्रदूषणको प्रभावका कारण विशेष गरी श्वासप्रश्वाससम्बन्धी समस्या लिएर आउने बिरामीको संख्या बढ्दै गएको उनले बताए।

उनका अनुसार आकस्मिक कक्षमा आउने बिरामीको सङ्ख्या पनि दिनहुँ बढ्दो क्रममा छ। साथै ओपिडी, डाइलासिस सेवा तथा स्वास्थ्य बिमा अन्तर्गत उपचार लिने बिरामीको सङ्ख्यामा समेत वृद्धि भएको छ। अस्पताल प्रशासनले बढ्दो बिरामी चापलाई ध्यानमा राख्दै आवश्यक व्यवस्थापन गर्न पहल गरिरहेको जनाएको छ।

सीमित स्रोतसाधनका बाबजुद अस्पतालले नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने प्रयास जारी राखेको सूचना अधिकारी श्रेष्ठले बताए।

सेती प्रादेशिक अस्पतालमा कैलाली र कञ्चनपुरसहित सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाबाट समेत उपचारका लागि बिरामी आउने गरेका छन्। अस्पतालले प्रदूषणका कारण स्वास्थ्यमा असर पर्न सक्ने भएकाले अत्यावश्यक काम बाहेक बाहिर ननिस्किन सर्वसाधारणलाई आग्रह गरेको छ।

जापानिज इन्सेफलाइटिसविरुद्ध खोप सुरु हुँदै



काँक्रेविहार संवाददाता
नवलपुर, २९ फागुन

जिल्लामा जापानिज इन्सेफलाइटिस (जेई) रोगविरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरका अनुसार चैत १ गतेदेखि ५ गतेसम्म जिल्लाभर अभियान सञ्चालन गरिनेछ। कार्यालय प्रमुख केशवप्रसाद चापागाईंका अनुसार अभियानमार्फत जिल्लाका करिब एक लाख ५० हजार ६६ जनालाई खोप लगाउने लक्ष्य राखिएको छ।

पछिल्लो पाँच वर्षदेखि नवलपुरमा जापानिज इन्सेफलाइटिसका बिरामी लगातार देखिँदै आएको र मृत्यु दर पनि तुलनात्मक रूपमा बढी देखिएकाले विशेष खोप अभियान सञ्चालन गर्न लागिएको हो। गण्डकी प्रदेशका ११ जिल्लामध्ये नवलपुरमा यो रोगका बिरामी बढ्दै गएको तथ्यांक देखिएपछि जोखिम न्यूनीकरणका लागि अभियान सञ्चालन गर्न पहल गरिएको चापागाईंले बताए।

अभियानअन्तर्गत ३५ वर्षभन्दा माथिका उमेर समूहका नागरिकलाई खोप लगाइनेछ। जनस्वास्थ्य अधिकृत प्रविणकुमार खनालका अनुसार जिल्लाका सबै स्थानीय तहका स्वास्थ्य संस्थामार्फत खोप सेवा उपलब्ध गराइनेछ। जापानिज इन्सेफलाइटिसको जोखिम सामान्यतया भदौ-असोज महिनामा बढी हुने भए पनि समयमै खोप लगाएर नागरिकलाई सुरक्षित राख्ने उद्देश्यले अहिले नै अभियान सञ्चालन गर्न लागिएको उनले बताए।

३४ वर्षसम्मका उमेर समूहले यसअघि नियमित खोप तथा अन्य अभियानमार्फत खोप लगाइसकेकाले ३५ वर्षभन्दा माथिका नागरिकलाई लक्षित गरिएको जनाइएको छ। गर्भवती महिला, पहिले खोप लगाउँदा एलर्जी भएका व्यक्ति, खोप लगाउने समयमा उच्च ज्वरो आएका व्यक्ति तथा एचआईभी सङ्क्रमित बाहेक अन्य सबैले यो खोप लगाउन सक्ने जनाइएको छ।

स्वास्थ्य कार्यालयको तथ्यांकअनुसार चालु आर्थिक वर्षमा नवलपुरमा जापानिज इन्सेफलाइटिसका १५ जना बिरामी फेला परेका छन्, जसमध्ये ६ जनाको मृत्यु भएको छ। आर्थिक वर्ष २०७९/८० मा सात जनामा सङ्क्रमण पुष्टि हुँदा पाँच जनाको मृत्यु भएको थियो भने २०८०/८१ मा आठ जनामा सङ्क्रमण देखिँदा एक जनाको मृत्यु भएको थियो। संक्रमित सुंगुर, बंगुर वा हाँसलाई टोकेको लामखुट्टेले मानिसलाई टोकेपछि यो रोग सर्ने गर्दछ। खोप लगाएपछि जीवनभर यस रोगबाट सुरक्षित रहन सकिने भएकाले अभियानको अवसरमा सबैलाई खोप लगाउन स्वास्थ्य कार्यालयले आग्रह गरेको छ। खोप अभियानबारे जानकारी दिन प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरले सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम समेत सञ्चालन गरेको छ भने जिल्लाका आठवटै स्थानीय तहमा पनि जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ।

हेलिकोप्टरमार्फत उद्धार गरिएकी सुत्केरीको मृत्यु

काँक्रेविहार संवाददाता
जुम्ला, २९ फागुन

जुम्लाबाट हेलिकोप्टर मार्फत उद्धार गरिएकी एक सुत्केरी महिलाको उपचारका क्रममा कर्णाली प्रदेश अस्पताल सुर्खेतमा मृत्यु भएको छ। तिला गाउँपालिका-३ की १८ वर्षीया अस्मिता नेपालीको उपचारकै क्रममा निधन भएको हो। उनले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा सुत्केरी भएपछि स्वास्थ्य अवस्था जटिल बनेको थियो। अवस्था गम्भीर भएपछि बिहीबार नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धार गरी थप उपचारका लागि सुर्खेत ल्याइएको थियो। तर प्रदेश अस्पताल सुर्खेतमा उपचार भइरहेका बेला उनको मृत्यु भएको अस्पताल स्रोतले जनाएको छ। स्वास्थ्य अवस्था जटिल बनेपछि तत्काल उद्धार गरेर उपचारका लागि ल्याइएको भए पनि चिकित्सकहरूको प्रयास सफल हुन नसकेको बताइएको छ।

कार्यसम्पादन मूल्याङ्कनमा भगवतीमाई गाउँपालिका पहिलो

काँक्रेविहार संवाददाता
दैलेख, २९ फागुन

आर्थिक वर्ष २०८१/०८२ को स्थानीय तह कार्यसम्पादन मूल्याङ्कनमा दैलेखको भगवतीमाई गाउँपालिका जिल्लामै उत्कृष्ट स्थानीय तह बनेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको प्रतिवेदनअनुसार गाउँपालिकाले ६७.५१ अंक प्राप्त गर्दै जिल्लाभरिका स्थानीय तहमध्ये पहिलो स्थान हासिल गरेको हो।

आयोगका अनुसार कार्यसम्पादन मूल्याङ्कन वित्तीय अनुशासन, योजना कार्यान्वयनको अवस्था, पारदर्शिता, सुशासन, राजस्व सङ्कलन, सार्वजनिक उत्तरदायित्व, संस्थागत क्षमता विकास तथा सेवा प्रवाहको प्रभावकारिता लगायत १७ सूचकका आधारमा गरिएको हो। प्रतिवेदनअनुसार डुङ्गेश्वर गाउँपालिकाले ६३.१३ अंकसहित दोस्रो स्थान प्राप्त गरेको छ भने ठाँटीकाध गाउँपालिका ६१.९६ अंकसहित तेस्रो स्थानमा रहेको छ।

त्यस्तै नारायण नगरपालिका ६१.२३, गुराँस गाउँपालिका ६०.७१, महाबु गाउँपालिका ५७.६३, दुल्लु नगरपालिका ५६.१४ र आठबीस नगरपालिका ४९.६४ अंकसहित क्रमशः अन्य स्थानमा रहेका छन्। यसैगरी नौमुले गाउँपालिकाले ४८.४३, चामुण्डा बिन्द्रासैनी नगरपालिकाले ४३.८५ र भैरवी गाउँपालिकाले ३९.७८ अंक प्राप्त गरेका छन्। भगवतीमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद उपाध्यायले उक्त उपलब्धि जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाबीचको समन्वय तथा सामूहिक प्रयासको परिणाम भएको बताए।

उनका अनुसार यो नतिजाले संस्थागत क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहलाई अझ पारदर्शी र नतिजामुखी बनाउन थप प्रेरणा मिलेको छ।



गाउँपालिकाका अध्यक्ष गणेशबहादुर थापाले नागरिकको विश्वास कायम राख्न पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राखेर काम गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाहमा जोड दिइने बताए। दोस्रो स्थानमा रहेको डुङ्गेश्वर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीसम्सेर रानामगरले प्राप्त नतिजाले आगामी दिनमा अझ सुधार र मेहनतका लागि प्रेरणा दिएको बताए।

गाउँपालिकाका अध्यक्ष सुन्दरकुमार केसीले योजना कार्यान्वयन र वित्तीय अनुशासन कायम गर्न सहयोग गर्ने सबै कर्मचारी तथा जनप्रतिनिधिप्रति आभार व्यक्त गरे।

तेस्रो स्थानमा रहेको ठाँटीकाध गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलसीप्रसाद उपाध्यायले कार्यसम्पादन मूल्याङ्कनले स्थानीय तहहरूबीच सकारात्मक प्रतिस्पर्धा सिर्जना गरेको बताए। उनले सुझावका आधारमा कमजोरी सुधार गर्दै आगामी वर्षमा अझ राम्रो नतिजा ल्याउने लक्ष्य रहेको जानकारी दिए।

आयोगले स्थानीय तहहरूले पेश गरेका विवरण, बजेट कार्यान्वयन, आय-व्यय प्रक्षेपण, कर सङ्कलन, सुत्र प्रणालीको प्रयोग, योजना तर्जुमा, विद्यार्थी भर्ना तथा टिकाउ दर, स्वास्थ्य सेवा र खोपको पहुँचजस्ता सूचकलाई आधार मानेर अंक निर्धारण गरेको जनाएको छ। यस मूल्याङ्कनले जिल्लाका स्थानीय तहहरूबीच सुशासन, पारदर्शिता तथा प्रभावकारी सेवा प्रवाहतर्फ प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरेको सरोकारवालाहरूले बताएका छन्।

बाढीपछि ओलेना बस्ती उजाडिँदै, उत्पादनमा कृषक चिन्तित

काँक्रेविहार संवाददाता
बाजुरा, २९ फागुन

बाजुराको बडीमालिका नगरपालिका-४ स्थित ओलेना बस्ती कुनै समय जिल्लामै तरकारी उत्पादनका लागि परिचित क्षेत्र मानिन्थ्यो। पर्याप्त सिँचाइ सुविधा र समथल खेतीयोग्य जमिनका कारण यहाँका किसानले ठूलो मात्रामा तरकारी उत्पादन गर्दै आएका थिए।

यहाँ उत्पादन भएको तरकारी बाजुराको सदरमुकाम मार्तडी बजारमा बिक्री हुने गर्थ्यो र त्यही खेती नै स्थानीयको मुख्य जीविकोपार्जनको आधार थियो।

तर २०७६ सालमा बुढीगङ्गा नदीमा आएको बाढीले ओलेना बस्तीको अधिकांश खेतीयोग्य जमिन बगरमा परिणत गरिदिएपछि यहाँका किसान गम्भीर समस्यामा परेका छन्।



तरकारी र फलफूल खेती गर्ने जमिन नष्ट भएपछि स्थानीयलाई अहिले जीविकोपार्जन गर्न कठिन भएको छ। स्थानीय कृषक देवबहादुर नाथले पहिले आफूले ठूलो क्षेत्रफलमा तरकारी तथा फलफूल खेती गर्दै परिवार चलाएको स्मरण गर्दै अहिले सबै जमिन बगर बनेपछि खेती गर्न सक्ने अवस्था नरहेको गुनासो गरे।

पहिले धान-गहुँभन्दा बढी तरकारी खेती गर्थे। अहिले जमिन नै बगर बनेपछि परिवार पाल्न कसरी गर्ने भन्ने चिन्ता बढेको छ, उनले भने।

साँफे-मार्तडी राजमार्गको मुनि अवस्थित ओलेना बस्तीका किसानले उत्पादन गरेको तरकारी बजारमा निकै लोकप्रिय थियो। तर बुढीगङ्गा नदीको बाढीले खेतीयोग्य जमिन बगर बनाएपछि अहिले त्यो क्षेत्र उजाडजस्तै देखिन थालेको छ। बाढीपछि बस्ती पनि जोखिममा परेकाले यहाँका बासिन्दा विस्थापित हुने अवस्थामा पुगेका छन्।

पहिले १६ भन्दा बढी नाथ परिवारको बसोबास रहेको ओलेना बस्तीमा अहिले करिब १३ परिवार मात्र बाँकी छन्। केही परिवार अन्य स्थान तथा सहरतिर बसाइँ सरेका छन्। स्थानीय तथा पाथरकोट आधारभूत विद्यालयका शिक्षक कमल नाथका अनुसार २०७६ साल साउन-भदौमा आएको बाढीले ओलेनाबासीको तरकारी खेती गर्ने सम्पूर्ण जमिन बगाएको थियो।

पहिले मार्तडी बजारका पसल-पसलमा बिक्री हुने तरकारी यहींबाट जान्थ्यो। तर अहिले जमिन नै नभएपछि खेती गर्न सक्ने अवस्था छैन उनले बताए। बस्तीका घरहरू पनि नदी कटानको उच्च जोखिममा परेकाले स्थानीयले सुरक्षित स्थानमा पुनःस्थापनाको माग गर्दै आएका छन्। जिल्ला प्रशासन कार्यालय बाजुराका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक डोरेन्द्र निरौलाले ओलेना बस्ती मात्र होइन, पूरै क्षेत्र नै नदीको जोखिममा परेकाले स्थानान्तरणका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिए।

कार्यसम्पादन मूल्याङ्कनमा पहिलो बन्यो दार्मा गाउँपालिका

काँक्रेविहार संवाददाता
सल्यान, २९ फागुन

स्थानीय तह कार्यसम्पादन मूल्याङ्कनमा सल्यानको दार्मा गाउँपालिका जिल्लामै पहिलो स्थानमा परेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम नतिजाअनुसार दार्मा गाउँपालिकाले ७६.४० अङ्क प्राप्त गर्दै जिल्लाभित्रका सबै स्थानीय तहहरूमध्ये उत्कृष्ट कार्यसम्पादन गरेको हो।

आयोगले प्रदेश र स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन गरी वित्तीय समानीकरण अनुदानका लागि अङ्क निर्धारण गर्ने गर्दछ। मूल्याङ्कनका क्रममा बजेट समयमै ल्याउने, बेरुजु फछ्यौंट गर्ने, राजस्व सङ्कलन वृद्धि, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग तथा वित्तीय अनुशासन कायम गर्ने जस्ता सूचकहरूलाई आधार बनाइएको छ।



आयोगले माघ २९ गते प्रारम्भिक नतिजा सार्वजनिक गर्दै पुनरावलोकनका लागि सात दिनको समय दिएको थियो। त्यस अवधिमा स्थानीय तहहरूले छुटेका विवरणहरू पेश गरेपछि अन्तिम नतिजा प्रकाशित गरिएको हो। दार्मा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेशम ओलीका अनुसार आयोगको मूल्याङ्कनले स्थानीय तहको पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनको अवस्थालाई स्पष्ट रूपमा देखाउने गर्दछ।

गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीले जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाको सहकार्यका कारण गाउँपालिकाले यो उपलब्धि हासिल गर्न सकेको बताए। बाँकी पृष्ठ ४

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

‘छोरी मार्न पाइँदैन’

काँक्रेविहार संवाददाता
सुर्खेत, २९ फागुन



बलात्कारपछि हत्या गरिएकी सुर्खेतकी १६ वर्षे इनिशा विकलाई न्यायको माग गर्दै सुर्खेतमा विद्यार्थीहरू प्रदर्शनमा उत्रिएका छन् । इनिशा अध्ययनरत विद्यालय उषा बालबाटिकाका विद्यार्थी, शिक्षक कर्मचारीहरुले वीरेन्द्रनगरमा प्रदर्शन गरेका छन् । विद्यालय पोशाकमै रहेका उनीहरुले केही समय जिल्ला प्रहरी कार्यालयको गेटमा नाराबाजीसमेत गरेका छन् । ‘इनिशालाई न्याय दे’, ‘हत्यारालाई फाँसी दे’ ‘छोरी मार्न पाइँदैन’ लगायतका नारा लेखिएका प्लेकार्डसहित उनीहरुले प्रदर्शन गरेका हुन् ।

फागुन २३ गते इनिशा सुर्खेतको सामुदायिक जंगलमा मृत अवस्थामा भेटिएकी थिइन् । अनुसन्धान प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोली सुर्खेत पुगेर घटनाको अनुसन्धान थालेको छ । घटना अनुसन्धान गर्न प्रहरी निरीक्षकको नेतृत्वमा सीआईबीको विज्ञ टोली वीरेन्द्रनगर आएर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक सुधीरराज शाहीले बताए ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतले प्रारम्भिक अनुसन्धानको काम सकेको र घटनामा प्राप्त प्रमाणको वैज्ञानिक र प्राविधिक विश्लेषणका लागि सीआईबीको सहयोग लिनु परेको शाहीले बताए ।

अनुसन्धानका पोस्टमार्टम रिपोर्ट र अन्य प्रमाणहरु प्राप्त भइसकेकोले अनुसन्धानको अन्तिम निश्कर्षमा पुग्न सिआइवीको सहयोग लिनु परेको अनुले बताए ।

‘धेरै प्रमाणहरुको परीक्षण भइरहेको छ’ उनले भने, ‘पोस्टमार्टम रिपोर्ट आयो, मोबाइल फोनहरु केन्द्रीय विधिविज्ञान प्रयोगशालामा टक्सिकोलोजिकल र बायोसेरोलोजिकल परीक्षण भइरहेको छ ।’

प्रयोगशालाका रिपोर्टहरु आएपछि घटनाको वास्तविकता पत्ता लाग्ने उनले बताए । उपरीक्षक शाहीका अनुसार जिल्ला प्रहरी कार्यालय सुर्खेतमा विज्ञ टोली गठनसँगै कर्णाली प्रदेश प्रहरी कार्यालय नेपालगञ्जबाट पोलिग्राफ गर्ने टोली पनि पुगेको छ ।

पोलियाग्राफीले मानिसले झुटो बोलेको पत्ता लगाउने उनले जानकारी दिए । मृत्युको कारण पत्ता लगाउन घटनास्थलको सम्पूर्ण प्रमाणहरु प्रयोगशालामा पठाइएको शाहीले बताए ।

एक सातादेखि इनिशाको शव आफन्तले बुझ्न मानेका छैनन् । कर्णाली प्रादेशिक अस्पतालको शवगृहमा इनिशाको शव राखिएको छ । सामूहिक बलात्कार पछि हत्या गरिएकाले इनिशाको हत्यामा संलग्नलाई कारबाही हुने विश्वस्त वातावरण नभएसम्म आफन्तले शव नबुझ्ने अडान राखेका छन् ।

रोजगारीको लागि दुबइमा रहेका इनिशाका बुबा छोरीको हत्याको खबर पाएपछि दुबईबाट भारत हुँदै सुर्खेत पुगेका छन् । वीरेन्द्रनगरमा रहेकी उनकी आमा छोरीको हत्या भएकै दिनदेखि विक्षिप्त बनेकी छिन् ।

सुर्खेत पुगेका बुबा इन्द्रबहादुरले छोरीले न्याय नपाएसम्म शव नबुझ्ने बताए । ‘ योजनाबद्ध रुपमा छोरीको हत्या गरिएको छ’ उनले भने, ‘पार्कबाट जंगलतिर लगेर हत्या गरिएको हो ।’

केपीएल उद्घाटन खेलमा युनाइटेड र कोहलपुरको जित

काँक्रेविहार संवाददाता
बाँके, २९ फागुन



‘क्याम्पा’ कोहलपुर प्राइड लिग (केपीएल) राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको उद्घाटन दिन युनाइटेड भिजन क्रिकेट क्लब र कोहलपुर स्पोर्टस एकेडेमीले विजयी सुरुवात गरेका छन् । कोहलपुर क्रिकेट रंगशालामा भएको पहिलो खेलमा युनाइटेड भिजन क्रिकेट क्लबले ब्राइटल्याण्ड स्कुललाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुवात गरेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको युनाइटेड भिजनले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ५५ रन बनाएको थियो । १ सय ५६ रनको लक्ष्य पछ्याएको ब्राइटल्याण्ड स्कुल १६.१ ओभरमा अलआउट हुँदै १ सय १ रनमै समेटियो । यससँगै युनाइटेड भिजन २२ रनले विजयी भयो ।

युनाइटेडका सन्तोष यादवले महत्वपूर्ण तीन विकेट लिएपछि उनी ‘प्लेयर अफ द म्याच’ घोषित भए । यस्तै दोस्रो खेलमा कोहलपुर स्पोर्टस एकेडेमीले हिमालयन क्रिकेट एकेडेमीमाथि प्रभावशाली जित हासिल गऱ्यो । टस जितेर पहिले ब्याटिङ गरेको कोहलपुर स्पोर्टसले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ९७ रनको उच्च योगफल बनाएको थियो । कोहलपुरका लागि अर्जुन घर्तीले २७ बलमा ६५ रन तथा भीम सार्कीले ३७ बलमा ५२ रनको अर्धशतकीय पारी खेले । १ सय ९८ रनको लक्ष्य पछ्याएको हिमालयन क्रिकेट एकेडेमी १६.३ ओभरमा ७५ रनमै अलआउट भयो र १ सय २२ रनको फराकिलो हार ब्यहोर्न बाध्य भयो । कोहलपुर स्पोर्टसका सिद्धान्तराज शाहीले चार विकेट लिएपछि उनी ‘ प्लेयर अफ द म्याच’ घोषित भए । प्रतियोगिताका मिडिया कोअर्डिनेटर सञ्जय मण्डलका अनुसार प्रतियोगितामा प्रथम हुने टोलीले नगद चार लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने द्वितीय हुने टोलीले नगद दुई लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछ ।

साथै उत्कृष्ट ब्याटर र उत्कृष्ट बलरलाई जनही १०-१० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ। प्रतियोगिताको उद्घाटन नेपाल क्रिकेट सङ्घ (क्यान)का सचिव पारस खड्काले एक कार्यक्रमका बीच गरेका थिए । कोहलपुर नगरपालिका-११ स्थित कोहलपुर क्रिकेट रंगशालामा सुरु भएको प्रतियोगिता कोहलपुर क्रिकेट स्पोर्टस एकेडेमीको आयोजनामा तथा बाँके जिल्ला क्रिकेट सङ्घको समन्वयमा सञ्चालन भइरहेको हो । छ टोलीको सहभागिता रहेको प्रतियोगिता आगामी चैत २ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।

सूचना

कोहलपुर न.पा. वडा नं. १२ बस्ने म हुत नारायण श्रेष्ठ र मेरो श्रीमती तिल कुमारी श्रेष्ठको नेपालको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको नाम, थर र पेन्सन कार्डमा उल्लेख भएको नाम, थर फरकफाक परेको हुँदा दुबै कागजातमा उल्लेखित नाम एउटै व्यक्ति भएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

मेरो नागरिकताको नाम तथा थरः हुत नारायण श्रेष्ठ
पेन्सन कार्डमा उल्लेख भएको नामथरः हत नारायण प्रधान
मेरो श्रीमतीको नागरिकताको नाम तथा थरः तिल कुमारी प्रधान
यी दुबै नामहरू मेरो र मेरो श्रीमतीकै हाम्रै नाम भएको व्यहोरा सबैमा जानकारी गराइन्छ ।

तिल कुमार श्रेष्ठ (९८४४८२८३९९)

कर्णाली नदी पुलको निर्माण ८६ प्रतिशत सम्पन्न

काँक्रेविहार संवाददाता
बर्दिया, २९ फागुन



बर्दियाको गेरुवा गाउँपालिका र कैलालीको टीकापुर नगरपालिका जोड्ने कर्णाली नदीस्थित सत्तीघाटमा निर्माणाधीन पक्की पुलको काम अन्तिम चरणमा पुगेको छ । निर्माण पक्षका अनुसार पुलको करिब ८६ प्रतिशत काम सम्पन्न भइसकेको छ । २०७९ पुस १७ गते सम्झौता भई सुरु गरिएको उक्त पुल २०८३ असोज १६ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

पुलको लम्बाइ ७५२ मिटर र चौडाइ ११ मिटर रहेको छ भने निर्माणका लागि एक अर्ब १८ करोड चार लाख ८२ हजार रुपैयाँ लागत अनुमान गरिएको छ । हालसम्म पुलका लागि आवश्यक १३ वटा पिलर निर्माण सम्पन्न भइसकेका छन् ।

पुलमा निर्माण गरिनुपर्ने ११ वटा स्ल्याबमध्ये नौ वटा तयार भइसकेका छन् भने बाँकी संरचना निर्माणको काम तीव्र गतिमा अघि बढिरहेको छ । पुल सेक्टर कार्यालय बाँकेकी योजना प्रमुख साविना रानाभाटका अनुसार बजेट अभाव नभएमा निर्धारित समयमै पुल निर्माण सम्पन्न हुने अपेक्षा गरिएको छ ।

हालसम्म कर्णाली नदीमा पक्की पुल नहुँदा गेरुवा गाउँपालिकाका स्थानीयलाई टीकापुर आवतजावत गर्न डुङ्गाको सहारा लिनुपर्ने अवस्था रहेको थियो । धेरैजसो स्थानीयले राजापुरस्थित सत्तीघाट हुँदै लामो दूरी पार गरेर यात्रा गर्नुपर्थ्यो ।

पुल निर्माण सम्पन्न भएपछि भने गेरुवा गाउँपालिका र टीकापुर क्षेत्रबीचको आवतजावत सहज हुने र दूरी पनि घट्ने अपेक्षा गरिएको छ । स्थानीय पुष्कर काफ्लेले पुल बनेपछि टीकापुरतर्फको यात्रा निकै सहज हुने बताए ।

कार्यसम्पादन...

उनले आगामी दिनमा सुशासन र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे । आयोगले सार्वजनिक गरेको नतिजाअनुसार जिल्लामा दोस्रो स्थानमा छत्रेश्वरी गाउँपालिका (७२.२४ अङ्क) र तेस्रो स्थानमा त्रिवेणी गाउँपालिका (६८.८७ अङ्क) रहेका छन् ।

त्यस्तै कालिमाटी गाउँपालिकाले ६४.४८ अङ्क, सिद्धकुमाख गाउँपालिकाले ५३.४८ अङ्क र कुमाख गाउँपालिकाले ५२.५० अङ्क प्राप्त गरेका छन् ।

नगरपालिकातर्फ बनगाड कुपिण्डे नगरपालिकाले ६६.९७ अङ्कसहित पहिलो स्थान हासिल गरेको छ ।

यस्तै शारदा नगरपालिकाले ६१.१२ अङ्क र बागचौर नगरपालिकाले ५७.५५ अङ्क प्राप्त गरेका छन् । आयोगका अनुसार मूल्याङ्कनमा विकास कार्यक्रम कार्यान्वयन, बजेटको प्रभावकारी उपयोग, प्रशासनिक क्षमता तथा जनसहभागिताजस्ता आधारहरूलाई समेटेर अङ्क निर्धारण गरिएको हो ।

सल्यानका स्थानीय तहको यो कार्यसम्पादनले जिल्लाको विकास र प्रशासनिक सुधारको दिशामा सकारात्मक संकेत दिएको अपेक्षा गरिएको छ ।

अफवाहपछि...

सूचनाको पछि लाग्दै ग्याँस खरिद गरी भण्डारण गर्न व्यस्त देखिएका छन् ।

प्रशासनले सत्यापित जानकारीमात्र विश्वास गर्न र बजारमा अनावश्यक भीड तथा कृत्रिम अभाव सिर्जना नगर्न सबैलाई आग्रह गरेको छ । यता नेपाल आयल निगमले पनि खाना पकाउने एलपी ग्यासको आयात निरन्तर भइरहेकाले अनावश्यक सञ्चिती नगर्न आमउपभोक्तामा आग्रह गरेको छ । निगमका प्रवक्ता मनोज ठाकुरले साविककै परिणाममा ग्यासको आयात भइरहेको स्पष्ट पारे ।

उनका अनुसार नेपालको मासिक खपत ४५-४६ हजार मेट्रिक टन हो हरेक महिना सोही परिणाममा आयात भइरहेको छ ।

फागुन २६ गतेसम्म ४५ हजार ५०० मेट्रिक टन आयात भएको प्रवक्ता ठाकुरले बताए ।

घरघरमा ग्यासको भण्डारण गरेर जोखिम न मोल्न उनको आग्रह छ । ग्यासको बिक्री वितरण सहज बनाउन निगमले निर्देशन दिइरहेको स्पष्ट पार्दै उनले कहीँकतै अनियमितता भएको देखिए सूचना दिन आग्रह गरेका छन् ।

खानेपानी तथा ढल व्यबस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो । त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं । पानीको श्रोत सधै सफा राखौं । गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं । मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं । पानीको स्रोत संरक्षण गरौं । भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं । पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ । यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ । यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं । नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं । यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं । ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ । साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)